अनुसुची १६

(दफा ३३ का उपदफा (२) सँग सम्वन्धीत)

## ठालङ्गे सामुदायिक वन उपभोक्ता समुह, शैलुङ गा.पा. ३, दोलखा

## गोलिया काठ लिलाम बिक्रिको सुचना

### प्रथम पटक सुचना प्रकाशन मितिः २०८३।०१।२४

प्रस्तुत विषयमा, आ.व. २०८२/०८३ मा समुहको स्वीकृत वन कार्ययोजना र थिनिङ कार्ययोजना २०८२ बमोजिम समुहले संकलन गरि तपसिलको स्थानमा घाटगद्दी गरी राखेको देहायको लट, जात, थान र परिमाणको गोलिया काठ, जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठ, दाउरामा आधारित उद्योगले यो सूचना दीक्षण राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरि सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन सम्वन्धित सवैलाइ आमन्त्रित गरिन्छ । बोलपत्र समुहको कार्यालय र डिभिजन बन कार्यालय, दोलखाबाट खरिद र दाखिला गर्न सकिनेछ ।

<u>तपशिल</u>

१. वन पैदावरको विवरण :

| लट नं | किसिम | जात | ग्रेड | थान | परिमाण क्युफिट | न्युनतम मुल्य | | संकलन खर्च प्रति क्युफिट रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रति इकाइ मुल्य | जम्मा मुल्य | | |
| १-२०८२/८३ | गोलिया | गोब्रेसल्ला | B | २७८८ | ५७८७.९४ | १०० | ५७८७९४ | १५० | |
| | गोलिया | पाटेसल्ला | B | ५०३ | १३०२.२६ | १०० | १३०२२६ | १५० | |
| लट नं. १को जम्मा | | | | ३२९१ | ७०९०.२० | | ७०९०२०/- | | |

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तीम मिति, समयः
- क) खरिद गर्ने अन्तिम मिति र समयः २०८३।०२।१३ गते (२१ औं दिन) कार्यालय समय भित्र ।
- ख) दाखिला गर्ने अन्तिम मितिः २०८३।०२।१४ (२२ औं दिन)
- ग) दाखिला गर्ने अन्तिम समयः दिउँसो १:०० बजे ।
- घ) बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट दिउँसो १:०० बजे भित्र बोलपत्र दाखिला गरिसक्नुपर्नेछ ।

३. बोलपत्र फारम प्रति लटको रु. १०००।– पछि फिर्ता नहुने गरि तिरी शैलुङ गा.पा. ३, चिसापानी स्थित यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन बन कार्यालय, दोलखाबाट खरिद गर्न सकिनेछ तर दाखिला भने यस समुहको कार्यालयमा मात्र गर्न सकिनेछ ।

साथै कबोल गरेको रकमको १०% ले हुन आउने रकम यस ठालङ्गे सामुदायिक वन उपभोक्ता समुहको नेपाल इन्भेष्टमेन्ट मेघा बैंक बाधखोर शाखामा रहेको मुल खाता नं. १५७०१०५०००२९८१ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

४. लिलाम वढावढ हुने बन पैदावार कार्यालय खुलेको समयभित्र यस सामुदायिक वन उपभोक्ता समुहको चिसापानी स्थित घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ । काठ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्रि गरिनेछ ।

Scanned with CamScanner

५. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८२।०८३ को कर चुक्ताको प्रमाणपत्र र भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, र उद्योग रहेको सम्बन्धित डिभिजन वन कार्यालयको उद्योगको सुचिदर्ताको प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

६. निर्धारित न्युनतम संख्या र रितपुर्वक पर्न आएका बोलपत्रहरु २२ औं दिन (मिति २०८३।०२।१४ गते) दिउँसो २:०० बजे साक्षिहरुको रोहबरमा खोलीनेछ । सो दिन सार्वजनिक बिदा परेमा सार्वजनिक बिदाको भोलिपल्ट सोहि समयमा खोलिनेछ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, संकलन खर्च, प्रदेश र स्थानीय सेवा शुल्क समेतको रकम छुट्टाछुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

८. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेखुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । शर्त राखिएका बोलपत्रहरु स्वीकृत गरिनेछैन ।

९. बोलपत्र मान्य नहुने अवस्थाहरु

- खाम सिलवन्दी नभै प्राप्त हुन आएको बोलपत्र ।
- सम्वन्धित वन समुहको छाप लागी प्रमाणित नभएको वा फोटोकपी गरि पेश गरिएको बोलपत्र ।
- बोलपत्र खरिद गर्नेको नामबाट पेश नगरी अन्यको नामबाट पेश गरिएको बोलपत्र ।
- बोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र ।
- सकार अंकको १० प्रतिशत धरौटी बापतको रकमको बैंक भौचर समावेश नभएको वा छ महिना भन्दा घटीको बैंक ग्यारेण्टी धरौटीको रुपमा पेश भएको बोलपत्र ।
- बोलपत्र आव्हानको सुचनामा तोकिएका अन्य सर्तहरु पुरा नभएको ।

१०. बोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ । थप जानकारीको लागी फोन नं. ९८४१००८७५४/९८०९६२४७६९/९८५४०२०१५९/९८५४०५२१३२ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Scanned with CamScanner